# जयपृथ्वी नगरपालिकाको विनियोजन ऐन २०७६

जयपृथ्वी नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**नगरसभाबाट स्वीकृत मितिः २०७६।०३/१५**

**प्रस्तावनाः** जयपृथ्वी नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम जयपृथ्वी नगरपालिका नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम " जयपृथ्वी नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्च रकम समेत गरी जम्मा रकम रु. ४३४११६०००। (अक्षर रुपि त्रीचालिस करोड एकचालिस लाख स्रोह हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त जयपृथ्वी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्दा तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ रकमान्तर र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि- १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम  (रु. हजारमा)

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | शशर्त अनुदान | पुंजिगत खर्च (बित्तिय समानिकारण) | राजश्व बाँडफाँड चालु खर्च | राजश्व बाँडफाँड पुंजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | संघ सरकारबाट समेत | २११५०० | १२९७०० | ७७६०० | - | ४१८८०० |
| २ | | प्रदेश सरकारबाट | - | ६८५१ | ८५४ | १२८१ | ८९८६ |
| ३ | | आन्तरीक आय | - | - | २५३० | ३८०० | ६३३० |
| | | कुल जम्मा | | | | | ४३४११६ |